नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग
(..... शाखा)

फोन: ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स: ४४३३९३५

पत्र संख्या :-
चलानी नं. :-

कालिकास्थान, काठमाण्डौं
Website: www.nepalimmigration.gov.np
E-mail : info@nepalimmigration.gov.np
mail22doi@gmail.com

नेपाल सरकार गृह मन्त्रालय अध्यागमन विभाग २०४६

निषेधित क्षेत्रमा पदयात्रा गर्दा लिनुपर्ने अनुमतिसम्बन्धी सूचना

विदेशी नागरिकले नेपालका १३ जिल्लाका तोकिए बमोजिमका निषेधित क्षेत्रमा पदयात्रा गर्दा अध्यागमन विभागबाट अनिवार्य रुपमा पदयात्रा अनुमति लिनुपर्ने व्यवस्था छ। उक्त निषेधित क्षेत्रमा समूहगत रुपमा एजेन्सी मार्फत् जाने विदेशीको पदयात्रा अनुमति जारी गर्नेसम्बन्धी सेवालाई अनलाईन प्रणालीको अवलम्बन गरी झण्झटरहित, छिटो, छरितो र सेवाग्राहीमैत्री बनाईएको छ। साथै, पदयात्रा अनुमति सम्बन्धी प्राविधिक कठिनाई भएमा सहजीकरणको लागि यस अघि नै छुट्टै सम्पर्क नम्बर +९७७ ९७६१४२३६३६ को व्यवस्था समेत गरिएको छ।

यस विभागबाट विगतमा निषेधित क्षेत्रमा पदयात्रा अनुमति माग गर्ने एकल पदयात्रीलाई पदयात्रा अनुमति जारी नहुँदा एकल रुपमा पदयात्रामा जान चाहने पदयात्रीले अनिवार्य रुपमा पदयात्रा साझेदार खोज्नुपर्ने भएकोले असहज भएको र पर्यटन प्रबर्द्धनमा समेत असर परेको भनी ट्रेकिङ एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) लगायत पर्यटन क्षेत्र सम्बद्ध संघसंस्थाहरुबाट गुनासो प्राप्त भएको अवस्थालाई दृष्टिगत गरी **एक जना पदयात्रीलाई समेत पदयात्रा अनुमति प्रदान गर्ने गरी मिति २०८२ चैत्र ८ गते विभागीय निर्णय भएको छ। यसरी पदयात्रा गर्दा अनिवार्य रुपमा एजेन्सीमार्फत् आवेदन पेश गर्नुपर्ने, निजसँग जाने ट्रेकिङ्ग गाइड अनिवार्य रुपमा तोक्नुपर्ने, आपतकालीन अवस्थामा उद्धार (रेस्क्यु) को सम्पूर्ण जिम्मेवारी सम्बन्धित एजेन्सीले लिने र अन्य व्यवस्था विद्यमान कानुन बमोजिम हुने** गरी शर्त निर्धारण गरिएको छ।

साथै, एजेन्सीमार्फत् एक समूहमा ठूलो संख्यामा पदयात्रीहरु निषेधित क्षेत्रमा पदयात्रामा जाँदा पदयात्रीको सुरक्षामा पर्याप्त ध्यान दिन सहज नहुने, एकजना ट्रेकिङ्ग गाइडबाट पदयात्रीका गतिबिधी निगरानीमा असहज हुने लगायतको अवस्थालाई मध्यनजर गरी एक समूहमा एक ट्रेकिङ गाइड बराबर बढीमा ७ (सात) जना पदयात्री रहने गरी समेत पदयात्रा अनुमति प्रदान गर्ने निर्णय भएको छ।

पदयात्रामा जाने विदेशी नागरिकहरुले पदयात्रा अनुमतिको लागि आवेदन दिँदा नेपालको स्वीकृत भिसा नम्बर प्रविष्ट गर्नुपर्ने प्रणालीगत व्यवस्थामा पुनरावलोकन गरी आफ्नै मुलुकबाट पदयात्रा अनुमतिको आवेदन गर्ने विदेशीहरुलाई भिसा आवेदन नम्बर (सब्मिसन आईडी) को आधारमा समेत पदयात्राको लागि आवेदन गर्न सकिने व्यवस्था मिलाइएको छ।

यसबाट नेपालको पर्यटन प्रवर्द्धन, आन्तरिक रोजगारी सिर्जना, पदयात्रीको व्यक्तिगत सुरक्षा र पदयात्रा सहजीकरणमा सहयोग पुग्ने विभागले अपेक्षा गरेको छ।

मितिः २०८२।१२।०८ गते

(टीकाराम ढकाल)
निर्देशक एवम् प्रवक्ता